नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

शान्ति संयन्त्र समन्वय महाशाखा

प.सं. २०७२/७३
च.नं. ११६

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०७२।१२।१५

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय
राहत तथा तथ्याङ्क शाखा ।
श्री स्थानीय शान्ति समिति,७५ जिल्ला ।

विषयः अभिलेखहरु पठाई दिने सम्वन्धमा ।

उपरोक्त विषयमा सत्य निरुपण तथा मेलमिलाप आयोगको नेपाल, बबरमहल काठमाण्डौको पत्र संख्या ०७२।७३ च.नं. ६४१ को पत्रको प्रतिलिपि यसैसाथ संलग्न छ । उक्त पत्रमा उल्लेख भए बमोजिम द्वन्द्वपीडितहरुसँग सम्वन्धित अभिलेखहरु उक्त आयोगमा पठाई दिनु हुन आदेशानुसार अनुरोध गर्दछु ।

(बालकृष्ण कोइराला)
शाखा अधिकृत

वोधार्थ
श्री सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल, बबरमहल, काठमाण्डौ ।

द.स.८.न. १२८१
०७२-१२-१०

# सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल

०७२-०७३

पत्र संख्या :
चलानी नं. : ४४१

बबरमहल, काठमाडौं ।
मिति: ०७२/१२/०७

विषय : विवरण उपलब्ध गराउने बारे ।

श्री शान्ति तथा पुर्ननिर्माण मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय
दर्ता नं.: ११०४
दर्ता मिति: १२।१०

नेपालको अन्तरीम संविधान,२०६३ र विस्तृत शान्ति संझौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्नको लागि सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन भई आयोगले आफ्नो कार्य गरिरहेको व्यहोरा अवगत नै छ । यसै सन्दर्भमा आयोगले सशस्त्र द्वन्द्वबाट पीडितहरुको उजुरी संकलन गर्ने कार्य निकट भविष्यमा नै शुरु गर्न गई रहेकाले यस प्रयोजनको लागि तहाँ मन्त्रालय र अन्तरगत निकायमा रहेका द्वन्द्व पीडितहरुसँग सम्बन्धित अभिलेखहरु आयोगमा पठाइ आयोगको कार्यमा आवश्यक सहयोग गरिदिनु हुन मिति २०७२।१२ ।०७ को निर्णयानुसार अनुरोध छ । साथै उजुरी संकलन कार्यमा आयोगलाई आवश्यक सहयोग गर्न स्थानीय शान्ति समितिहरुलाई परिपत्र हुन समेत आदेशानुसार अनुरोध छ ।

श्री शान्ति [illegible] ... १०

०७२।१२।०७
(चुडामणी भण्डारी)
शाखा अधिकृत